# दोलखा जिल्ला अदालतबाट जारी भएको सूचना

(मिति २०७८।०३।०८)

विश्वव्यापी रुपमा फैलिएको नयाँ भेरियण्ट सहितको कोभिड-१९ को संक्रमणको रोकथाम र नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालय,दोलखाबाट यसभन्दा अगाडी जारी भएको निषेधाज्ञाको अवधिलाई मिति २०७८।०३।१४ सम्म निरन्तरता दिने भनी निर्णय भएको सन्दर्भमा र यस अदालतका माननीय न्यायाधीश तथा अन्य कर्मचारीहरुलाई **Corona Positive** देखिएकोले यस अदालतको कामकारवाही समेत प्रभावित हुने हुँदा निषेधाज्ञाको अवधिमा जिल्ला भित्र सार्वजनिक सवारी साधन संचालनका निषेध गरिएको परिस्थिति भएकोले यस अदालतको मिति २०७८।०१।२३ गतेको निर्णयबमोजिम तपसिलका सेवाहरुलाई नै निरन्तरता दिने गरी मिति २०७८।०३।१४ गते सम्म सेवा संकुचन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै अन्य सेवा संचालन मिति २०७८।०३।१५ गते पश्चात अर्को सूचना प्रकाशित नभएमा यथावत रुपमा संचालन हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गरिन्छ।

तपसिलः-

१. बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दर्ता र सुनुवाइ।

२. मिलापत्र, मुद्दा फिर्ता,डिसमिस,सजाय निर्धारण।

३. अभियोगपत्र दर्ता, वयान र थुनछेक, फरारीको थुनछेक,कोभिड-१९ सम्बन्धि निवेदन।

४. म्याद थप, पक्राउ पूर्जी जारी, जरुरी पक्राउ पूर्जी समर्थन, कलडिटेल्स अनुमति।

नोटः- काम कारवाही र सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा तथा निवेदनहरुमा निषेधाज्ञा अवधिभरमा रहेका हदम्याद, म्याद र तारेख नगुज्रने।

सदन अधिकारी
तहसिलदार
(शाखा अधिकृत)